# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नौमूले दैलेख
# कर्णाली प्रदेश नेपाल

## पाश्वचित्र तर्जुमा सम्बन्धी कार्यक्षेत्रगत सर्त (Terms of Reference)

नौमुले गाँउपालिका दैलेख २०७३

२०७४ फाल्गुण

# बिषयसुची

१ पृष्ठभूमि (Background) ..... 3
१.१ नौमूले गाउँपालिकाको परिचय (Introduction of Naumule Rural Municipality) ..... 3
१.२ औचित्य (Rationale) ..... 3
२ उदेश्यहरू (Objectives) ..... 4
३ प्रस्तावकका कार्यक्षेत्रहरू (Scope of Work) ..... 4
४ प्रस्तावक संस्था वा फर्मले गर्नु पर्ने कार्य विवरण तथा शर्तहरु ..... 4
५ छनौट विधि ( Selection Criteria) ..... 5
६ समयावधि (Time Line) ..... 5
७ प्रस्तावको ढांचा (Structure of Proposal) ..... 6
७.१ प्राविधिक प्रस्तावको ढांचा ..... 6
७.२ आर्थिक प्रस्तावमा समावेश हुनु पर्ने खर्च शिर्षकहरू ..... 6
८ परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधारहरू ..... 7
९ प्रस्तावसंगै पेश गर्नु पर्ने कागजातहरु (Required Documents) ..... 7
१० छनौट विधि ( Selection Criteria) ..... 7
११ अपेक्षित परिणाम (कार्य सम्पन्न गरी हस्तान्तरण गर्नु पर्ने काम/कागजातहरू) ( Deliverables) ..... 7

नौमूले गाउँपालिका दैलेख २०७३

# १ पृष्ठभूमि (Background)

## १.१ नौमूले गाउँपालिकाको परिचय (Introduction of Naumule Rural Municipality)

नेपालको संविधान अनुसार ६ नं प्रदेश का जिल्लाहरु मध्येको दैलेख प्राकृतिक तथा सांस्कृतिक रुपमा सुन्दर र हराभरा भएको जिल्ला हो । दैलेखलाइ स्थानीय रुपमा ४ नगरपालिकाहरु नारायण, दुल्लु, चामुन्डाविन्द्रासैनी र आठविस नगरपालिका तथा ७ गाउँपालिकाहरु गुँरास, डुङ्गेश्वर, भगवतिमाई, नौमूले, भैरवी, महाबु र ठाँटीकाँध गाउँपालिकामा बिभाजन गरिएको छ । यसमध्येको नौमूले गाउँपालिका साबिकको तोली, बालुवाटार, द्वारि, कालिका, नौमूले, सल्लेरी र चौराठा गाविसहरु समेटेर निर्माण गरिएको हो । हाल गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । गाउँपालिकाको केन्द्र साविक नौमूले गाविसको भवनमा रहेको भएतापनि हाल गाउँपालिकाको प्रशासनिक कामहरु नौमूले गाउँपालिका १ नौमूले बजारमा रहेको भाडाको घरबाटै सञ्चालन गरिएको छ । यस गाउँपालिकाको भूभागले नारायण नगरपालिका, महाबु गाउँपालिका, भगवतीमाइ गाउँपालिका र डुङ्गेश्वर गाउँपालिकालाइ छोएको छ । यसको जम्मा क्षेत्रफल २२८ वर्ग किलो मिटर रहेको छ र २०६८ सालको जनगणना अनुसार यहाँको जनसङ्ख्या २०,०२८ रहेको छ ।

मूल रुपमा जनजातिहरुको बसोबास रहेको यस गाउँपालिकामा मुख्य गरी हिन्दू र बौद्ध धर्म मान्नेहरूको बाहुल्यता छ । पर्यटकीय क्षेत्रका रुपमा द्वारिखोला झरना, नौमूल क्षेत्र लगायतका क्षेत्रहरु रहेका छन । जडिवुटी तथा जलविद्दुत तको प्रचुर सम्भावना बोकेको यस गाउँपालिका विगतको लामो समयको शस्सत्र द्धन्द्धको पिडाबाट जर्जर भएको क्षेत्रपनि हो ।

## १.२ औचित्य (Rationale)

संबिधानको निर्देशन बमोजिम स्थानीय सरकारलाई अधिकार सम्पन्न र जनताको मौलिक हक अधिकार पूर्तिको लागि संघ र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सम्बन्ध कायम गरी संयुक्त वा एक्लै गर्ने गरी कार्य अधिकारहरू निर्धारण गरेको छ।संबिधानको अनुसूची ८ र ९ मा उल्लेखित कार्य अधिकारहरूलाई विचार गर्दा स्थानीय सरकारलाई अधिकार सम्पन्न र स्थानीय क्षेत्रको सम्पूर्ण जिम्मेवारी सुम्पिएको छ।अनिसुची ८ को बुँदा नम्बर ६ मा स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन भनी स्थानीय सरकारले गर्नुपर्ने कार्यक्षेत्रमा नै राखिएको छ ।प्रमाणित तथ्याङ्क बिना तयार गरिने कुनै पनि विकास आयोजना वा परियोजनाहरू सफल हुन सक्दैनन् भन्ने कुरालाई ध्यानमा राखेर स्थानीय तथ्य तथ्याङ्कको विस्तृत रुपमा सङ्कलन गर्ने र सोहि तथ्याङ्कको आधारमा स्थानीय स्तरका योजनाहरू निर्माण गर्ने (बुँदा न ७) कुरा उल्लेख गरिएको छ। स्थानीय सरकारले माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, खानेपानी, कृषि, वातावरण, जैविक विविधताको संरक्षण, विपद् व्यस्थापन जस्ता महत्वपुर्ण क्षेत्रमा योजनबद्ध ढङ्गले काम गर्नु पर्ने देखिन्छ ।त्यसै गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत, दलित, महिला बालबालिका तथा अल्पसंख्यक जातिको जिवनस्तर उकास्दै आर्थिक, सामाजिक, मानव विकासका आयामहरुमा जिम्मेवारीपूर्ण ढङ्गले काम गर्नुपर्नेछ। यी सबै कुराहरू प्रभावकारी ढङ्गले सम्पादन गर्न तथ्याङ्कमा आधारित नीति योजना तथा कार्यक्रमहरू तयार गरी कार्यन्वयन गर्नु जरुरी छ । सिमित साधन श्रोतको उपयुक्त परिचालन तथा व्यस्थापनका लागि पनि प्राथमिकतामा आधारित योजना तथा कार्यक्रमहरू तयार गरी लागु गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकारले तयार पार्ने योजना र कार्यक्रमहरू तथ्यमा आधारित हुन सकेमा मुलुकको सम्बृद्धि र विकासको प्रतिफलमा समताको माध्यमबाट समानता कायम हुने तथा संविधानले निर्धारण गरेको जनताको मौलिक अधिकार प्रासि हुन सक्ने अवस्था सिर्जना हुने देखिन्छ ।यसै सन्दर्भमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मिति २०७४ बैशाख २६ गते नै गाउँपालिका तथा नगरपालिकाको वस्तुगत विवरण तयार गर्ने निर्णय गरी सोको

कार्यन्वयन गर्न सम्पूर्ण गाउँपालिका तथा नगरपालिकालाई परिपत्र गरिसकेको अवस्था छ । तर वस्तुगत विवरण तयार गर्ने ढाँचा सहितको परिपत्रमा उल्लेखित तथ्याङ्कहरू नै अधिकांश स्थानिय तहरूले सम्प्रेषण गर्न सकिरहेका छैनन् । यसको मूल कारण नै स्थानीय स्तरमा त्यस्ता तथ्याङ्कहरू उपलब्ध हुन नसक्नु हो । जनगणना तथा अन्य सर्भेहरूका आधारमा वस्तुगत विवरण वनाउन सकिने आँकलनमा वा सोचमा तयार गरिएको ढाँचाका अधिकांश तथ्याङ्कहरू स्थानिय तहमा तयार गरे पनि विश्वासिलो र भरपर्दो नहुने स्थिति देखिएको छ । त्यसैले, आगामि बार्षिक कार्यक्रममा नौमूले गाउँपालिकाको समग्रमा आधारभूत तथ्याङ्कहरू आउने गरी खासगरी शिक्षा, स्वास्थ्य र व्यवसायसँग सम्बन्धित विस्तृत तथ्याङ्क सङ्कलन गर्ने र सो तथ्याङ्कहरूको आधारमा पञ्चवर्षीय योजना बनाउने योजना राखिएकोले सोको कार्यन्वयन गर्न यो शिलबन्दी कोटेशन आवहान गरिएको छ।

## २ उदेश्यहरू (Objectives)

२.१ गाउँपालिकाको जनसाँख्यिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत साधन आदिको वस्तुगत तथ्याङ्क सङ्कलन गर्ने ।

२.२ गाउँपालिकाको स्वास्थ्य तथा शिक्षाको अवस्थाको बारेमा आधारभूत तथ्याङ्क सङ्कलन गर्ने ।

२.३ तथ्याङ्कको आधारमा गाउँपालिकाको पञ्चबर्षीय योजना तर्जुमामा समेत सहयोग पुर्याउने।

## ३ प्रस्तावकका कार्यक्षेत्रहरू (Scope of Work)

३.१ गाउँपालिकाको स्वास्थ्य, शिक्षा, जनसंख्या, कृषि, पर्यटन, स्रोतसाधान, वातावरण आदिको एकीकृत अवस्था आउने गरी तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ। तथ्यांक संकलन बिधि बैज्ञानिक र प्रमाणिक भएको पुष्टी हुनु पर्ने छ।

३.२ सङ्कलित तथ्यांकले दीर्घ स्वास्थ्य समस्या जस्तै उच्च रक्तचाप, मधुमेह, मोटोपन, कोलेस्ट्रोल र तिनका कारणहरू आदिको वास्तविक अवस्था अभिव्यक्त गर्न सक्नु पर्ने छ।

३.३ वातावरणमैत्री बनाउन तथ्याङ्क सङ्कलन गर्न पूर्णरूपमा विद्युतीय प्रणालीको प्रयोग गर्नु पर्नेछ।

३.४ तथ्याङ्क सङ्कलनकै क्रममा गाउँपालिका भित्र रहेका सबै घरधुरीहरुको गाउँपालिकाले निर्धारण गरेबमोजिमको स्थायी कोड नम्बर दिनुपर्ने छ । त्यसैगरी, हरेक घर परिवारको भौगोलिक अवस्थिति आउने गरी (Geographical Positioning System - GPS) प्रयोग गर्नु पर्ने छ।

३.५ संकलित तथ्याँकलाई स्थानीय सर्भरमा संग्रह गर्ने र अध्यावधिक गर्ने प्रणालीको स्थापना गर्नु पर्ने छ।

३.६ स्थापित प्रणालीको अध्यावधिक गर्न र सूचना प्रयोग गर्न गाउँपालिकाका कर्मचारीहरु र जनप्रतिनिधिहरुलाई सिप तथा प्रणाली हस्तान्तरण गर्नु पर्ने छ।

३.७ संकलित तथ्यांकहरुको प्रशोधन र विश्लेषण गरी गाउँपालिकाको एकीकृत बस्तुगत बिबरण आउने गरी अनिवार्य रुपमा नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्नु पर्ने छ।

३.८ एकीकृत बस्तुगत बिबरणको प्रतिवेदनलाई बिभिन्न मध्यम (जस्तै गोष्ठी, वेबसाइट, पत्र पत्रिका, रेडियो टेलिभिजन) को प्रयोग गरी सार्वजनिकीकरण (प्रवोधिकरण) गर्नु पर्नेछ।

३.९ प्रतिवेदनको आधारमा बिज्ञ, जनप्रतिनिधि तथा सरोकारवालाहरुको पूर्ण सहभागितामा गाउँपालिकाको पाश्वचित्र तर्जुमा गरी गाउँपलिकालाई बुझाउनु पर्नेछ।

## ४ प्रस्तावक संस्था वा फर्मले गर्नु पर्ने कार्य विवरण तथा शर्तहरु

प्रस्तावक संस्था/फर्म/कम्पनीले देहायका कार्यहरु सम्पन्न गर्नु पर्नेछ र सोहि अनुसारको कार्यप्रगति बिबरण गाउँपालिकाले निर्धारण गरेको तालिका अनुसार बुझाउनु पर्ने छ।

४.१ तथ्यांक संकलनका लागि गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुसँग समन्वय गरी आवश्यक तथ्यांक सकलन गर्ने।

४.२ तथ्यांक संकलनका लागि आवश्यक औजार, उपकरण र सामग्रीको व्यवस्था मिलाउने

४.३ तथ्याङ्क सङ्कलनमा खटिने जनशक्तिलाई आवश्यक फिल्ड जानुपूर्व तालिम दिने ।

४.४ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूसँग तथ्याङ्क सङ्कलन गर्नुपुर्व, सर्भेको मध्यतिर र सङ्कलन तथा विश्लेषण सकिएपछि तथ्याङ्कको प्रस्तुतिकरण गर्ने गरी बैठकहरूको आयोजना गर्ने।

४.५ नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाउँपालिकालाई उपलब्ध गराएको ढाँचामा बस्तुगत विवरण प्रतिवेदन तयार गरी सोको मस्यौदा गाउँपालिकामा बुझाउने र गाउँपालिकाबाट प्राप्त सुझावलाई समेटेर अन्तिम प्रतिवेदन तयार गरी बुझाउने ।

४.६ गाउँपालिकाले निर्धारण गरेको ब्यबस्था अनुसार प्रतिवेदन प्रबोधिकरण गर्ने ।

४.७ तथ्याङ्कको आधारमा जनप्रतिनिधि तथा गाउँपालिका भित्र र बाहिरका बिज्ञहरूको समेत संलग्नतामा सो पाश्वचित्र तयार गर्ने ।

४.८ संकलन गरिएको तथ्यांक र यसलाई अध्यावधिक गर्ने कम्प्युटर प्रणाली र यसको संचालनका लागि आवश्यक सीप गाउँपालिकलाई हस्तान्तरण गर्ने ।

४.९ पाश्वचित्र सम्बन्धि तथ्याङ्कहरु प्रथम तथा द्धितिय श्रोत बाट लिन सकिनेछ जनगणना समबन्धी तथ्याङ्क नेपालको जनगणना २०६८ बमोजिम हुनपर्नेछ ।

४.१० परामर्शदाताले प्रस्ताव पत्र वा पाश्वचित्र निर्माण सम्बन्धि कार्यमा कुनै जालसाझि फरेब तथा ठगी गरिएको पाइएमा कानून बमोजिम कारवाही गरीनेछ ।

४.११ प्राविधिक प्रस्तावको ढाँचा र आर्थिक प्रस्तावको ढाँचा तोकीएबमोजिमको हुनेछ । प्रस्तावदाताले अनिवार्य रुपमा दुइ प्रस्तावलाइ छुट्टाछुट्टै खामबन्दी गरि दुइवटै प्रस्तावालाइ एउटै खाममा शिलबन्दी गरी हुलाकमार्फत वा सोधै कार्यलयमा बुझाउन सकिनेछ । प्राविधिक प्रस्तावमा उत्तिर्ण हुने फर्मको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

४.१२ परामर्शदाताले प्रस्तावित कामको कुनै पनि अंश सव कन्ट्राकट्मा दिन सकिने छैन ।

४.१३ निर्माण अवधिभर सम्झौता अनुरुप कुनै किसिमको पनि मूल्य समायोजन गरिने छैन ।

४.१४ प्रस्ताव मान्य अवधि ९० दिनको हुनेछ र निर्धारित मिति र समयमा प्रस्तावदाताको उपस्थिति नभएपनि प्रस्तावपत्र खोलिनेछ ।

४.१५ नौमूले गाउँकार्यापालिकाको कार्यालयले पाश्वचित्र निर्माणका लागि कुनै पनि प्रकारको सूचना सेवा र उपकरण उपलब्ध गराउने छैन ।

४.१६ प्रस्तावदाताको आर्थिक तथा प्राविधिक प्रस्तावका सम्बन्धमा कुनै किसिमको पनि जानकारी दिइने छैन । सूचिकृत प्रस्तावदाताले मूल्याङ्कन वा संलग्न कर्मचारीलाइ कुनै किसिमको प्रलोभन डर वा धम्की दिएमा सो परामर्शदाताको प्रस्ताव रद्ध गरी सो प्रस्तावकर्तालाइ कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यलयमा पत्र पठाइनेछ ।

४.१७ यसमा उल्लेख भएबाहेकका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

## ५ छनौट विधि ( Selection Criteria)

प्रस्तावदाताहरुको छनौटको आधार सार्बजनिक खरिद नियमावली, २०६४ ले निर्देश गरे अनुसार गुणस्तर र लागत विधिलाई लिइनेछ । प्रस्तावहरुलाई प्राविधिक प्रस्तावको अकंभार ८० र आर्थिक प्रस्तावको अंकभार २० गरी जम्मा कुल १०० अंकमा मुल्यांकन गरी उच्चतम अंक प्राप्त प्रस्तावलाई छनौट गरिने छ ।

## ६ समयावधि (Time Line)

प्रस्तावित कार्यको समय सिमा २०७५ जेष्ठ १५ गते सम्म रहेको छ । तोकिएको कार्यहरू निर्धारित समयमा नसकिएमा गाउँपालिकाले सम्बन्धित संस्था/फर्म/कम्पनीको कार्य प्रगति मुल्यांकन गरी सो बराबरको रकम भुक्तानि गर्न गाउँपालिकाको लागि बाध्यकारी हुनेछैन ।

## ७ प्रस्तावको ढांचा (Structure of Proposal)

प्रस्तावक संस्था/फर्म/कम्पनीले प्राबिधिक र आर्थिक प्रस्तावहरू छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

### ७.१ प्राविधिक प्रस्तावको ढांचा

प्राबिधिक प्रस्तावमा देहायका बुंदाहरु समावेश भइ स्पस्ट उल्लेख भएको हुनु पर्ने छ ।

| क्र सं | आधारहरु | उप आधारहरु | अंक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावदाताको खास कामको अनुभव | | २५ | |
| | | ६ महिना सम्मको अनुभव | १५ | |
| | | ६ महिनादेखी १ बर्षसम्मको अनुभव | २० | |
| | | १ बर्षभन्दा माथिको अनुभव | २५ | |
| २ | कार्य सम्पादन गर्ने तरिका | | १९ | |
| | | बार्षिक लक्ष्य प्राप्ति | ५ | |
| | | निर्धारित समयमा कार्यसम्पन्नता | ५ | |
| | | प्रस्ताव अनुसारको बजेट खर्च | ९ | |
| ३ | मुख्य मुख्य जनशक्तीको योग्यता र अनुभव | | ४८ | |
| | | ६ महिना सम्मको अनुभव | ३२ | |
| | | ६ महिनादेखी १ बर्षसम्मको अनुभव | ४० | |
| | | १ बर्षभन्दा माथिको अनुभव | ४८ | |
| ४ | प्रविधि हस्तान्तरण वा तालिम | | ८ | |
| | | स्थानिय स्तरका प्राविधिक प्रयोग | ५ | |
| | | मध्यम स्तरका प्राविधि | ७ | |
| | | विशेष खालका प्राविधको हस्तान्तरण | ८ | |
| कूल जम्मा अंकभार | | | १०० | |

### ७.२ आर्थिक प्रस्तावमा समावेश हुनु पर्ने खर्च शिर्षकहरू

आर्थिक प्रस्तावमा समावेस हुनु पर्ने खर्च शिर्षकहर्रु यस प्रकार हुनेछन् ।

| क्र सं | विवरण | इकाइ | समय/दिन | सहभागि पटक/जना | दर | जम्मा रु |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरमा प्रोफाइल तयारी विधि प्रक्रिया सहित टेम्पलेट माथी छलफल | पटक | | | | |
| २ | डाटा संकलन खर्च | दिन | | | | |
| ३ | यातायात | जना | | | | |
| ४ | वडा स्तरमा निर्वाचित जनप्रतिनिधहरुसँग छलफल र अन्तक्रिया कार्यक्रम | पटक | | | | |
| ५ | संकलित डाटाहरुको तथ्यगत सुक्ष्म अनुसन्धान | पटक | | | | |
| ६ | छलफलका लागि बस्तुगत विवरणहरुको प्रिन्ट | थान | | | | |
| ७ | गाउँपालिका स्तरमा प्रोफाइलको अन्तिम छलफल सहित अन्तक्रिया कार्यक्रम | दिन | | | | |
| ८ | पाश्वचित्र तयारी तथा पुस्तक प्रकाशन प्रकाशन इ कपि सहित | थान | | | | |

## ८ परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधारहरू

परामर्श सेवाको प्रस्ताव दाता संस्था/फर्म/कम्पनीको योग्यताको आधारहरू देहाय अनुसारका हुने छ ।

- प्रस्ताव दाता संस्था/फर्म/कम्पनीको संस्था संस्था/फर्म/कम्पनी नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई हरेक वर्ष नबिकरण भएको हुनु पर्ने छ । नविकरण गरिएको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, लेखा परिक्षण प्रमाणपत्र जस्ता कानुनी दस्तावेज दुरुस्त हुनुपर्ने छ ।
- प्रस्ताव दाताको संस्था/फर्म/कम्पनीको अनुसन्धान र योजना तर्जुमा जस्ता बिषयमा अनुभव भएको हुनु पर्ने छ ।
- प्रस्तावित कार्यक्रममा संलग्न हुने व्यक्तिहरुको समुहमा कम्तिमा स्वास्थ्य, जनसंख्या, शिक्षा, बन कृषि र कम्प्युटर वा सुचना प्रविधि बिज्ञहरु हुनु पर्ने छ ।
- प्रस्ताव दाताको संस्था/फर्म/कम्पनीको कार्य सम्पादन गर्ने तरिका, कार्यविधि, कार्यक्षेत्रगत सर्तप्रतिको प्रभावग्राहिता सुनिस्चित भएको हुनु पर्ने छ ।
- प्रस्तावित कार्य निर्धारित समयभित्र सम्पन्न गर्न सक्ने ब्यबस्थापकीय र आर्थिक क्षमता सुनिस्चित भएको हुनु पर्ने छ ।
- संकलित एकीकृत बस्तुगत बिबरणलाई अधवाधिक गर्ने प्रणाली बिकाश गर्ने क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण गर्न सक्ने हुनु पर्ने छ ।

## ९ प्रस्तावसंगै पेश गर्नु पर्ने कागजातहरु (Required Documents)

प्रस्ताव पेश गर्ने संस्था/फर्म/कम्पनीले छुट्टा छुट्टै प्राबिधिक र आर्थिक प्रस्ताव शिलबन्दी गरि बुझाउनु पर्नेछ । प्राविधिक प्रस्तावका साथमा देहाय अनुसारका कागजपत्रहरु अनिवार्य पेश गर्नु पर्ने छ ।

क. संस्था/फर्म/कम्पनी दर्ता र नबिकरण प्रमाण पत्र
ख. स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र
ग. कर चुक्ता प्रमाण पत्र
घ. कर छुट प्रमाण पत्र (लागु हुने हदसम्म)
ङ. बिगत तिन वर्षको लेखा परिक्षण प्रतिवेदन
च. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख ब्यक्तिहरुको व्यक्तिगत विवरण

## १० छनौट विधि ( Selection Criteria)

प्रस्तावदाताहरुको छनौटको आधार सार्बजनिक खरिद नियमावली, २०६४ ले निर्देश गरे अनुसार गुणस्तर र लागत विधिलाई लिइनेछ । प्रस्तावहरुलाई प्राविधिक प्रस्तावको अंकभार ८० र आर्थिक प्रस्तावको अंकभार २० गरी जम्मा कुल १०० अंकमा मुल्यांकन गरी उच्चतम अंक प्राप्त प्रस्तावलाई छनौट गरिने छ ।

## ११ अपेक्षित परिणाम (कार्य सम्पन्न गरी हस्तान्तरण गर्नु पर्ने काम/कागजातहरू) ( Deliverables)

परामर्श सेवाको प्रस्ताव दाता संस्था/फर्म/कम्पनीले निर्धारित समयभित्र निम्न अनुसारका प्रतिवेदन र प्रणाली गाउँपालिकामा बुझाउनु पर्ने छ ।

- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७४।०१।२६ पत्र संख्या २०७३।०७४ चलानि नं ५.१.४६४ पत्रसाथ प्राप्त निश्चित ढाँचामा गाँउपालिकाको पाश्वचित्र बाइन्डिङ्ग सहितको थान १०० ।
- विधुतीय तथ्यांक संग्रहित फाइल र अध्यावधिक गर्ने कम्पुटर प्रणालीको प्रतिलिपिहरु ।